# विश्वव्यापी कोभिड- १९ महामारी

## मानव अधिकार अवस्था अनुगमन रुजु सूची


**राष्ट्रिय मानव अधिकार आयोग**

केन्द्रीय कार्यालय, ललितपुर

# विश्वव्यापी कोभिड- १९ महामारी
# मानव अधिकार अवस्था अनुगमनरुजु सूची (Check List)

चिनको वुहान प्रान्तबाट ३१ डिसेम्बर २०१९ बाट शुरु भई विश्वभरी फैलिएको विश्वव्यापी कोभिड - १९ को महामारीको प्रभाव नेपालमा पनि परिसकेको छ। त्यसबाट मानिसका स्वास्थ्य अन्य सहितका अधिकारहरुको प्रचलन प्रभावित हुन थालिसेका छन् । यस्ता अधिकारहरुको प्रचलनमा नकारात्मक प्रभाव रहन नहुने व्यवस्थानेपालको संविधानको धारा ३५ ले गरेको छ। संविधानको यस व्यवस्थाको कार्यान्वयनको लागि निःशुल्क र आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्न नेपालमा जनस्वास्थ्य ऐन, २०७५ पनि जारी भएको छ। विपत व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपतबाट सर्वसाधारणको जीउज्यानको समेत संरक्षण गर्न विपद् जोखिम तथा न्युनिकरण ऐन, २०७४ पनि पनि कार्यान्वयनमा छ । नेपाल पक्ष भएको आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा १२(२) को खण्ड (ग) मा व्यक्तिको शारीरिक र मानसिक स्वास्थको अधिकार प्राप्तिको लागि प्रकोप, महामारी, पेशागत र अन्य रोगहरुको रोकथाम, उपचार तथा नियन्त्रण गर्न आवश्यक कदम चाल्नु पर्ने व्यवस्था पनि गरिएको अवस्था छ।

उल्लिखित अवस्थामा नेपालको संविधानको धारा २४९(१) ले मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने कर्तव्य आयोगको हुने एवं राष्ट्रिय मानव अधिकार अयोग ऐन, २०६८ को दफा ४ ले मानव अधिकार अवस्थाको निरीक्षण तथा अनुगमन गर्ने कार्यादेश यस आयोगको हुने स्पष्ट गरेको छ । यस सन्दर्भमासंयुक्त राष्ट्रसंघीय मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयले कोभिड-१९ महामारीको अवस्थामा मानव अधिकार अवस्थाको अनुगमन गर्ने सम्बन्धमा रुजु सूची (Check list) पनि जारी गरेको छ। यस सन्दर्भमा आयोगले कोभिड-१९ को महामारीको अवस्थामा पनि आफ्नो कार्यादेशलाई व्यवस्थित र एकीकृत रुपमा अनुगमन गरी सम्पन्न गर्नको लागि यो रुजु सूची (CheckList)तयार गरि कार्यान्वयनमा ल्याएको छ।

# अनुगमनको क्रममा हेर्नुपर्ने विषयवस्तु

1. नेपालमा कोभिड - १९ रोकथाम तथा नियन्त्रणका सम्बन्धमा संघ, प्रदेश र स्थानिय तहबाट भएका निर्णयहरुहरु:-
    - नितिसम्बन्धमा
    - रणनीति सम्बन्धमा र
    - कार्यक्रम सम्बन्धमा ।
2. संक्रमण फैलिन नदिनका लागि अबलम्वन गरिएका लकडाउन, सामाजिक दुरी,सीमानाका बन्द, क्वारेन्टिन, आइसोलेसन जस्ता उपाय र तिनीहरुको कार्यान्वन अवस्था :-

    **(क) भूमिका**
    - सुरक्षाकर्मीहरुको भुमिका ।
    - स्थानीय सरकारहरुको भुमिका ।
    - नागरिक समाज, समाजका विभिन्न तह तप्काहरुको भुमिका ।
    - अत्यावाश्यक सेवा प्रदान गर्नेहरु संघसंस्थाहरुको भुमिका

    **(ख) अवस्था**
    - सीमाबाट प्रवेश गरेका नागरिकहरुको अभिलेखिकरण भए, नभएको ? सीमा क्षेत्रमा आई नेपाल प्रवेश गर्न नपाएका व्यक्तिहरुको व्यवस्थापन कसरी भइरहेको छ ? कोरोना संक्रमणबाट वचाउनका लागि के कसरी व्यववस्थापन भएको छ ? व्यवस्थापन कार्य उचित देखिएको छ छैन ।
    - सीमाबाट प्रवेश गरेका नागरिकहरुलाई क्वारेन्टिनमा राखिए, नराखिएको ?
    - सिमानाकामा आवागमन रोकिए, नरोकिएको ?
    - क्वारेण्टाइन रहेका स्थान, क्वारेन्टिनको क्षमता, कतिजना रहेका, क्वारेन्टिनमा अत्यावाश्यकसामग्रीको व्यवस्थापन कस्तो छ ? क्वारेण्टाइनमा रहेकाहरुसित कुनै दुर्व्यवहार भएको छ छैन ।
3. **संक्रमितहरुको स्वास्थ्योपचारको अवस्था :**
    - संघीय सरकारले तोकेका डेजिनेटेड, हब र जिल्ला अस्पतालहरु के कति संख्यामा रहेका छन ? आइसोलेसन, भेन्टिलेटरको अवस्था कस्तो छ ?
    - स्वाब परिक्षणका लागि स्थापित प्रयोगशाला कति छन ?
    - ति अस्पतालमा उपचार गराउन आउने व्यक्तिहरुको उपचार सहजढंगले भइरहेको छ छैन ?
    - निःशुल्क उपचार, खानपिनको प्रबन्ध भए, नभएको ?
    - स्वास्थ्य संस्था, अस्पतालमा पर्याप्त औषधी र चिकित्सक/स्वास्थ्यकर्मीको उपस्थिति रहे, नरहेको ?
    - स्वाथ्य उपचारका लागि चिकित्सक र स्वास्थ्यकर्मीहरुलाई आवश्यक पर्ने व्यक्तिगत सुरक्षा सामग्री (पिपिइ) समेतका अन्य आवश्यक सामग्रीहरुको उपलब्धता कस्तो छ ? स्वाब परिक्षणबाट संक्रमित भएको देखिए, नदेखिएको ?
    - चिकित्सक र स्वास्थ्यकर्मीहरुको भूमिका कस्तो रहेको छ ?

- संक्रमितको अवस्था कस्तो छ ?
- एम्बुलेन्सको प्रबन्ध भए/नभएको ?
- एम्बुलेन्स चालकका लागि पीपीइ लगायतका सुरक्षा सामग्रीको प्रबन्ध भए, नभएको ?

## 4. अन्य बिरामीहरुको स्वास्थ्यको अधिकार :

- अन्य कारणले बिरामी भई उपचार गराउन जाने विरामीहरुको उपचारको व्यवस्था भए, नभएको ?
- उपचार नगरि बिरामी फर्काउने प्रवृत्ति देखिए, नदेखिएको ?
- फर्काउने प्रवृत्ति रहेको भए के कति कारणले अस्तालले सेवा प्रवाह गर्ननसकेको ?
- उपचार मापदण्ड अनुरुप भए, नभएको ? (जस्तै मृगौलको डाइलोसिस ४ घण्टा हुनु पर्नेमा २ घण्टा मात्र गरिनु)
- अस्पताल जान सक्ने वातावरण, पहुँच र सुविधा रहे, नरहेको ?
- उपचार नपाई बिरामी अलपत्र परे, नपरेको?
- स्वच्छ र प्रयाप्त पानीको उपलब्धता भए, नभएको (विशेषगरी सुकुम्बासी र अव्यवस्थित बसोबासी रहेका बस्तीहरुमा)
- संक्रमितहरुको सामाजिक मर्यादा (Dignity) कायम राख्ने सम्बन्धमा ?
- नियमति औषधि सेवन गर्नुपर्ने व्यक्तिहरु त्यस्तो सेवाबाट बञ्चित हुनु परे, नपरेको ?

## 5. कोभिड-१९ को संक्रमणबाट बच्ने उपायबारे जनचेतना सम्बन्धमा :

- खानेपानी तथा सरसफाईको स्वच्छता, हात धुने तरिका, लकडाउन, सामाजिक र व्यक्तिगत दुरी कायम गर्ने, निजी क्वारेण्टाइन र आइसोलेसनमा बस्दा अपनाउनु पर्ने तौरतरिका सम्बन्धमा, रोग र महामारी संक्रमणको सम्भावित जोखिम न्यूनिकरणका लागि पूर्व तयारी सम्बन्धमा ।
- जनेचेतनाका लागि प्रयोग गरिएको भाषा, माध्यम, सामग्री वा अन्य उपाय प्रभावकारी देखिएको छ छैन ?

## 6. खाद्य सम्बन्धी अधिकारको अवस्था :

- गरीब, किसान, मजदुर, ज्यालादार, सुकुम्बासी, आदिबासी जनजाति, दलित, पिछडिएको क्षेत्र एवं उत्पिडितवर्गहरुमा लकडाउनबाट परेको प्रभाव,
- दैनिक जनजीवन प्रभावित भए, नभएको ?
- खाद्यान्नको समस्या भए, नभएको ?
- पर्याप्त खानेपानीको आपुर्ति र उपभोगको अवस्था कस्तो रहेको ?
- खाद्यान्न, पानी लगायतका राहत समाग्री गुणस्तरीय भए, नभएको ?
- प्रभावितहरुको लागि आवश्यकताअनुसार पर्याप्त खाद्यान्न उपलब्ध भए, नभएको ?
- खाद्यान्नको कालोवजारी एवं मुल्य बृद्धिको अवस्था ?
- खाद्यान्न, कृषिउपज उत्पादन, संचय र वितरणको अवस्था ?

## 7. आवास सम्बन्धी अधिकारको अवस्था :

- भाडामा बसिरहेका स्वास्थ्यकर्मीहरुले घरधनीबाट कुनै दुर्व्यवहार व्यहोर्नु परे, नपरेको ?

- घरभाडामा बस्ने, आवासको सुविधा नभएका व्यक्तिहरुको आवास व्यवस्थापन भए नभएको, भएको के कसरी भएको देखिएको ?
- घरधनीहरुबाट घरभाडामा बस्नेहरुसँग दुर्व्यवहार भए नभएको ? घरबाट निकाला गरे नगरेको ? भाडामा वस्ने ज्यादा मजदुरी गरी खानेहरुको भाडा मिन्हा गरे नगरेको ?
- अपलपत्र परेका व्यक्तिहरुको अस्थायी आवासको व्यवस्थापन कसरी भएको छ ?

**८. राहत वितरणको अवस्था :**

- राहत वितरण गर्ने सम्बन्धमा संघीय सरकारबाट लागु भएका राहत वितरण मापदण्ड अनुसार वितरण गर्ने कार्य भए नभएको ?
- राहत दिनेको लगत खडा भए नभएको, राहत प्राप्त गरेकाहरुको विवरण सार्वजनिक भए नभएको, लक्षित वर्गले राहत पाए नपाएको ?
- मजदुर, एकलमहिला, जेष्ठ नागरिक, सुत्केरी गर्भवती महिला, भाडामा ट्याक्सी, रिक्सा, अटो रिक्सा चालक लगायतले राहतप्राप्त गर्न सके, नसकेको ?
- राहत वितरणमा विभेदजन्य व्यवहार भए, नभएको ?

**९. सामाजिक सुरक्षाको अवस्था :**

- लकडाउनको कारण कसैले रोजगारी गुमाउनु पर्ने अवस्था आए, नआएको ?
- कलकरखाना, उद्योग इत्यादिमा कार्यरत मजदुर, कर्मचारी लकडाउनको कारणले रोजगारीबाट वञ्चित भए नभएको ?
- रोजगारी सुरक्षा सन्दर्भमा स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारले के कस्ता उपाय अवलम्बन गरेको ?
- विपत व्यवस्थापन कार्यमा खटिएका कर्मचारीको सुरक्षा स्थिति ?

**10. अपागंता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुको अवस्था :**

- जेष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरुले पाउने भत्ता समयमा पाए नपाएको?
- नियमित सेवन गर्ने औषधी लगायत अन्य आवश्यक औषधि सेवनबाट वञ्चित हुनु परे नपरेको,
- आवश्यक खाद्य सामग्री व्यवस्थापन के, कसरी भइरहेको छ ?
- सोको आपुर्ति मिलाउने कार्य स्थानिय सकारबाट कसरी भइरहेको ?

**11. हिरासत, कारागार तथा न्याय प्रशासनसम्बन्धमा :**

- कारागार तथा हिरासतमा रहने कैदीबन्दीहरुको रिहाको सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय र सर्वोच्च अदालतबाट जारी भएको आदेशको कार्यान्वयन अवस्था ?
- रिहा भएका कैदीबन्दीहरुको संख्या र प्रकृति ?
- कारागार हिरासतमा रहने कैदीबन्दीहरुको स्वास्थ्य उपचार व्यवस्थापन कसरी मिलाइएको ?
- बाल सुधार गृह लगायत अन्य केन्द्रमा रहेका व्यक्तिहरुको अवस्था ?

12. **आप्रवासी कामदार, शरणार्थी र विदेशी नागरिकको अवस्था :**

- विदेशमा रहेका आप्रवासी नेपाली कामदारहरुको अवस्था ?
- कोभिड -१९बाट बच्न अवलम्बन गरिएका सुरक्षाका उपायहरु ?
- विदेश स्थित नेपाली कुटनितिक नियोगहरुले समस्या सम्बोधनको लागि खेलिरहेको भूमिका ?
- विदेशबाट हवाइमार्ग तथा स्थलमार्गबाट नेपाल प्रवेश गर्नेको स्वास्थ्य जाँचको अवस्था ?
- स्थानीय तहले आप्रवासी कामदारहरुको आगमनको अभिलेख राखे/नराखेको ?
- स्थानीय तह, सुरक्षाकर्मी र स्वास्थ्यकर्मी बीचमा समन्वय भए/नभएको ?
- शरणार्थीशिविरमा सतर्कता अपनाईएको छ, छैन ?
- उनिहरुको गाँस, बास र औषधोपचारको व्यवस्था के कसरी भइरहेको छ ?
- विभिन्न कामले नेपाल आएका विदेशी नागरिकहरु अलपत्र परे नपरेको ?

13. **मानवअधिकार रक्षक र पत्रकारहरुको सुरक्षा अवस्थासम्बन्धमा :**

- मानव अधिकार अनुगमन, सुचना संकलन, प्रवाहका लागि सुचनामा पहुच भए नभएको,
- भुमिका निर्वाह गर्दा उनिहरुको सुरक्षाको प्रत्याभुति भएनभएको ?

14. **लंगिक हिंसा**

- घरेलु हिंसा, यौन हिंसा, लैगिंक हिंसा, बाल हिंसा भए नभएको ?
- घरायसी काममा सहयोग गर्ने, बालबालिकाको हेरचाह गर्ने महिलाहरु प्रभावित भएका छन छैनन ?
- एकल महिला, गरीव महिलासित आश्रित बालबालिकाहरुको अवस्था ।
- स्वास्थ्य सेवामा खटिने महिलाहरुको सुरक्षाको अवस्था ।
- बालबालिका सहित/रहित क्वारेन्टाइनमा वस्ने महिलाको सुरक्षाको प्रत्याभुति ।

## १. क्वारेन्टिन, आइसोलेसन र सुरक्षा सामग्रीको अवस्था

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | क्वारेन्टाईन स्थल | | | | | आईसोलेशन वेड संख्या | क्वारेन्टाईन वेड संख्या | पिपीई संख्या | एम्बुलेन्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विद्यालय | स्वास्थ्य संस्था | होटल | सरकारी कार्यालय | अन्य स्थान | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## २. कोभिड-१९ सक्रमण अवस्था

| प्रदेश | क्वारेन्टिन बेड संख्या | क्वारेन्टिनमा बसेका बिरामी संख्या | आइसोलेशन बेड संख्या | आइसोलेशनमा भएका बिरामीको संख्या | मिति ....सम्मको स्वाब परिक्षणको अवस्था | | | | स्वाब संकलन अवस्था ............. सम्म | पिपिइको मौजदाता संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेगेटिभ | पोजेटिभ | रिपार्ट आउन बाँकी | जम्मा | | |
| | | | | | | | | | | |

## ३. प्रयोगशाला परिक्षण

| प्रदेश | स्वाब परिक्षण गरिएको | संक्रमण नदेखिएको | संक्रमण देखिएको | नयाँ संक्रमित | आइसोलेसनमा रहेको | निको भएको | मृत्यु भएको | नयाँ मृतक | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |